# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०४।०८ गते।

# प्रेस विज्ञप्ति

**विषयः आर्थिक वर्ष २०८२/८३ को बार्षिक समीक्षा कार्यक्रम सम्पन्न।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आ.ब. २०८२/०८३ को बार्षिक समीक्षा कार्यक्रम आज आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईज्यूको अध्यक्षतामा आयोगको सभाहलमा सम्पन्न भयो। कार्यक्रममा आयोगका माननीय आयुक्तज्यूहरू, श्रीमान् सचिवज्यू, महाशाखा प्रमुखहरू, आयोग मातहत कार्यालयका प्रमुखहरू, आयोगका अनुसन्धान अधिकृतहरू र भर्चुअल माध्यमबाट आयोग मातहत कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा आयोगको समग्र काम कारबाही, उजुरी प्राप्ति, छानबिन, अनुसन्धान, अभियोजन, नविनतम कार्यहरू र आयोगका सामु रहेका सवालहरूसहित आगामी कार्यदिशाका बारेमा छलफल भयो।

प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/०८३ मा आयोगमा विभिन्न माध्यमबाट प्राप्त भएका ३३,३२८ उजुरीहरू र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ७,३२३ उजुरीहरू समेत गरेर जम्मा उजुरीको संख्या ४०,६५१ रहेको छ। प्राप्त हुन आएका उजुरीहरूमध्ये सबै भन्दा बढी स्थानीय तहसँग सम्बन्धित ४८.९६ प्रतिशत, संघ अन्तर्गत ३८ प्रतिशत र प्रदेश सरकारसँग अन्तर्गत १३.०४ प्रतिशत रहेको छ।

उजुरी प्राप्त हुने विभिन्न माध्यमहरूमध्ये सबै भन्दा बढी आयोगको वेबसाइटबाट ३०.९१ प्रतिशत, इमेलमार्फत २७.०२ प्रतिशत, लिखित निवेदनबाट २१.७४ प्रतिशत, हुलाक सेवाबाट १२.८७ प्रतिशत तथा अन्य माध्यमहरू टेलिफोन, सामाजिक सञ्जाल, मोबाइल एप, समाचार पत्र, राष्ट्रिय सतर्कता केन्द्र र हेलो सरकार समेतबाट ७.४६ प्रतिशत उजुरीहरू प्राप्त हुन आएको छ।

आयोगमा प्राप्त भएका ४०,६५१ उजुरीमध्ये छानबिन तथा अनुसन्धानबाट ३२,७९९ (८०.६८ प्रतिशत) उजुरी फछ्र्यौट भएको र बाँकी ७,८५२ चालु आ.ब. २०८३/८४ मा जिम्मेवारी सरेर आएको छ।

आर्थिक वर्ष २०८२/८३ मा आयोगको ६२ वटा बैंठक बसी १७५ वटा मुद्दा दायर गर्नेसहित जम्मा १,१३० वटा निर्णयहरू भएका छन्। विशेष अदालतमा १७५ वटा आरोपपत्र दायर भएको (४ वटा सम्पत्ति शुद्धीकरण कसुरको मुद्दासमेत) मा कुल ९९० जना प्रतिवादी बनाई रु. २५ अर्ब ३१ करोड ३७ लाख ७३ हजार ५ सय २४ रुपैयाँ ४० पैसा बिगो मागदाबी गरिएको छ, जुन गत आ.व. भन्दा चार गुणा बढी रहेको छ। ती मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानीसँग सम्बन्धित ५६ वटा, घुस/रिसवतसँग सम्बन्धित ४१ वटा, गैरकानुनी लाभ वा हानिसँग सम्बन्धित २७ वटा, झुट्टा/नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धी १५ वटा, गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी ११ वटा, राजश्व चुहावट/हिनामिनासँग सम्बन्धित ५ वटा, सम्पत्ति शुद्धीकरण (घुस रिसवतसमेत) ४ वटा, सम्पत्ति शुद्धीकरण (गैरकानुनी सम्पत्ति आर्जनसमेत) १ वटा र अन्य विविध विषयका १५ वटा रहेका छन्। रंगेहात कारबाही (Sting Operation) २७ वटा भएको छ।

आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आ.ब. २०८२/०८३ मा १५६ वटा फैसला प्राप्त भएकोमा ८१ वटा फैसलाहरूमा (५१.९२ प्रतिशत मुद्दामा) कसुर स्थापित भएको छ। बिशेष अदालतबाट पूर्णपाठसहितको प्राप्त फैसलाहरूमध्ये आर्थिक वर्ष २०८२/८३ मा सम्मानित सर्वोच्च अदालतमा १०४ वटा पुनरावेदन गरिएको र ३ वटा मुद्दाहरू उपर पुनरावलोकन गरिएको छ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनका लागि आयोगबाट ४ वटा जिल्लास्तरीय र १३४ वटा पालिकास्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

आयोगको आ.ब. २०८२/०८३ मा चालु खर्च प्रगति ७०.१३ प्रतिशत र पूँजिगत खर्च प्रगति ७६.३७ प्रतिशत रहेको छ।

बार्षिक समीक्षा कार्यक्रममा आयोग र कार्यालयहरूबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनउपर समीक्षात्मक टिप्पणीसहित आयोगका माननीय प्रमुख आयुक्तज्यूले आयोगले उजुरी फछ्र्योटमा उल्लेखनीय प्रगति हासिल गरेको अवस्था विद्यमान रहेको तर उजुरीहरू गुणस्तरीयता बढाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो। यसैगरी अनुसन्धानका कार्यलाई द्रुतगतिमा अगाडी बढाउन अनुसन्धान अधिकृतहरूलाई उत्प्रेरित भई काममा लाग्न निर्देशन दिदै आयोगले गर्ने अनुसन्धानको गुणस्तर अभिबृद्धिको लागि दक्ष जनशक्तिको व्यवस्था र आधुनिक प्रविधिको उपयोग गर्नुपर्नेमा विशेष जोड दिनुभयो।

साथै माननीय आयुक्तज्यूहरु र आयोगका श्रीमान् सचिवज्यूले आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी बनाउनका लागि गर्नुपर्ने नीतिगत एवं कानुनी सुधारका बारेमा प्रकाश पार्दै अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाई आयोगको पाँचौ रणनीतिक योजनाले लिएका लक्ष्यहरु पुरा गर्नेतर्फ आयोगको आगामी कार्यदिशा रहनुपर्ने उल्लेख गर्नु भएको थियो।

प्रवक्ता
सुरेश न्यौपाने